**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०६ जून २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मुले हिज राष्ट्रपति भवनमा कारगिलका विद्यार्थीहरू र दिव्यङ्ग भएका बालबालिकाहरूको समूहलाई भेट्नु भयो।

- प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वव्यापी आर्थिक संकटबीच पनि भारतीय अर्थव्यवस्थाको जग असाधारण रूपमा बलियो रहेको बताउनु भएको छ।

- केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आगामी पाँच वर्षमा भारतले आफ्नो समुद्री उत्पादहरूको निर्यातलाई ८ अरब डलरबाट बढाएर ३० अरब डलर पुर्‍याउने लक्ष्य राख्नुपर्ने बताउनु भएको छ।

- भारतीय शान्तिदुत मेजर अभिलाषा बाराकलाई संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले २०२५ को प्रतिष्ठित संयुक्त राष्ट्र सैन्य लैङ्गिक समानता समर्थक पुरस्कार प्रदान गर्नुभएको छ।

- रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले भारतलाई पाँचौं पुस्ताको स्टिल्थ लडाकु विमान सुखोई एसयू-५७ प्रस्ताव गर्नु भएको छ र भारतमा यसको संयुक्त उत्पादनको प्रस्ताव पनि गर्नुभएको छ।

**<u>राष्ट्रपति - कारगील</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले हिज राष्ट्रपति भवनमा कारगिलका विद्यार्थीहरू र दिव्यङ्ग भएका बालबालिकाहरूको समूहलाई भेट्नु भयो। यो समूहले "राष्ट्रिय एकता भ्रमण" को एक भागको रूपमा राष्ट्रपति भवनको भ्रमण गरेको थियो। राष्ट्रपतिले सामाजिक सञ्जालमा भेटघाटको झलक साझा गर्नुभयो र विद्यार्थी र बालबालिकाहरूलाई उनीहरूको भविष्यको प्रयासको लागि शुभकामना दिनु भयो।

**<u>प्रधानमन्त्री- सुरत</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वव्यापी आर्थिक संकटबीच पनि भारतीय अर्थव्यवस्थाको जग असाधारण रूपमा बलियो रहेको बताउनु भएको छ। उहाँले भन्नु भयो, देशले वित्त वर्ष २०२५-२६ मा ७.७ प्रतिशतको बलियो वृद्धि दर्ता गरेको छ। श्री मोदीले हिजो साँझ दमनमा लगभग दुई हजार 9 सय 70 करोड़ रुपयाँ करोडको विकास परियोजनाहरूको श्रृंखलाको उद्घाटन गर्नुभयो। यस अवसरमा एक विशाल जमघटलाई सम्बोधन गर्नु हुँदै प्रधानमन्त्रीले भन्नु भयो, भारत विश्वको सबैभन्दा छिटो बढ्दो अर्थव्यवस्थाहरूमध्ये एक हो। उहाँले देश गरिबहरूका लागि व्यापक पूर्वाधार विकास र कल्याणकारी योजनाहरूलाई प्राथमिकता दिँदै सुधारको बाटोमा अगाडि बढ्ने नागरिकहरूलाई आश्वासन दिनुभयो।

BYTE

ऊर्जा क्षेत्रमा आत्मनिर्भरतामा जोड दिनु हुँदै प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु भयो, विश्व हरियाली भविष्यतर्फ अघि बढिरहेको छ। उहाँले भन्नु भयो, भारतले आर्थिक विकास र पर्यावरण संरक्षण बीच सन्तुलन कायम गरेर यस दिशामा सक्रिय रूपमा अग्रणी भूमिका खेलिरहेको छ। यसअघि, श्री मोदीले सुरतमा १८ हजार करोडभन्दा बढीको विभिन्न पूर्वाधार परियोजनाहरूको उद्घाटन गर्नुभयो। यस अवसरमा प्रधानमन्त्रीले भारतको कुल नवीकरणीय ऊर्जा क्षमता २५० गिगावाट रहेको जानकारी दिनुभयो र

गुजरातले यसमा ५० गिगावाट योगदान पुऱ्याउँछ। यो देशको हरित ऊर्जा हिस्साको पाँच भागको एक महत्वपूर्ण हिस्सा हो। उहाँले गुजरात सौर्य ऊर्जाबाट हरित हाइड्रोजन र हरित अमोनियामा परिवर्तन गरी ऊर्जामा आत्मनिर्भर बन्न महत्वपूर्ण भूमिका खेल्न तयार रहेको बताउनु भयो।

**पीएम- युपी -असम**

प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व पर्यावरण दिवसमा ५ करोडभन्दा बढी रूख रोपेकोमा उत्तर प्रदेशका जनतालाई बधाई दिनु भएको छ। उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको सामाजिक सञ्जाल पोस्ट सेयर गर्नु भयो जसमा श्री मोदीले भन्नु भएको छ "एक पेड माँ के नाम" अभियानको उल्लेखनीय सफलताले आजका मानिसहरू पर्यावरण संरक्षण गर्न पूर्ण रूपमा प्रतिबद्ध छन् । उहाँले विश्वास व्यक्त गर्नु भयो कि यस्ता पहलहरूले उत्तर प्रदेश र सम्पूर्ण देशको हरियाली भविष्य निर्माणमा लामो यात्रा गर्नेछन्। उहाँले भन्नु भयो, यसले देशका प्रत्येक नागरिकलाई प्रेरणा दिनेछ।

यसैबीच असमका मुख्यमन्त्री हिमंत विश्व शर्माको सामाजिक सञ्जाल पोस्ट सेयर गर्नु भयो , जसमा उहाँले पर्यावरण दिवसमा असमका जनताले १ करोड २ लाखभन्दा बढी रूख रोपेको रिपोर्ट गर्नु भएको थियो, प्रधानमन्त्रीले असमका जनता र विशेष गरी राज्यको "महिला शक्ति" लाई बधाई दिनु भयो। उहाँले दिगो ग्रह सिर्जना गर्ने दिशामा यस प्रयासमा नेतृत्व लिएकोमा उनीहरूको प्रशंसा गर्नु भयो।

**गोयल- समुद्री उत्पाद निर्यात कार्यशाला**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आगामी पाँच वर्षमा भारतले आफ्नो समुद्री उत्पादहरूको निर्यातलाई ८ अरब डलरबाट बढाएर ३० अरब डलर पुऱ्याउने लक्ष्य राख्नुपर्ने बताउनु भएको छ। विशाखापट्टनममा दुई दिवसीय राष्ट्रिय कार्यशालामा पत्रकारहरूसँग कुरा गर्नु हुँदै उहाँले माछा पालन क्षेत्रको लागि विश्वव्यापी बजारमा पहुँच विस्तार गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भयो। उहाँले भारतले विगत साढे तीन वर्षमा रेकर्ड नौ स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गरेको उल्लेख गर्नु भयो, जसले ३८ देशका बजारहरूमा अवसरहरू खोलेको छ र विश्वभरका उपभोक्ताहरूलाई भारतीय माछा उत्पादनहरूको पहुँच सुनिश्चित गरेको छ।मत्स्यपालन, पशुपालन तथा दुग्ध विकास मन्त्री राजीव रञ्जन सिंहले विश्वव्यापी माछा उत्पादनमा भारतको हिस्सा ८.८ प्रतिशत रहेको बताउनु भयो। यसैबीच, खाद्य प्रशोधन उद्योग मन्त्री चिराग पासवानले समुद्री खाना प्रशोधन क्षेत्रमा विशाल सम्भावनाको बारेमा प्रकाश पार्नु भयो।यसैबीच आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नायडूले राज्यले देशको समुद्री खाद्य निर्यातमा महत्वपूर्ण योगदान गरिरहेको बताउनु भयो।

**कृषि मंत्रालय - खेत बचाओ अभियान**

कृषि तथा किसान कल्याण मन्त्रालयले हालसम्म देशभरका ९ लाख ४२ हजार भन्दा बढी किसानहरू "खेत बचाओ अभियान" मा सामेल भएको बताएको छ। सन्तुलित मल प्रयोगलाई प्रवर्द्धन गर्न सुरु गरिएको यो अभियान अब जनआन्दोलनमा परिणत हुँदैछ। मन्त्रालयका अनुसार, अभियान अन्तर्गत हालसम्म १७ हजार ८ सय भन्दा बढी जागरूकता कार्यक्रमहरू आयोजना गरिएका छन्, जसबाट लगभग ७ लाख किसानहरू लाभान्वित भएका छन्। यसबाहेक, ३ हजार ७ सय भन्दा बढी तालिम कार्यक्रमहरूले १ लाख ५० हजार भन्दा बढी सहभागीहरूलाई सन्तुलित मल प्रयोग, माटो स्वास्थ्य व्यवस्थापन र वैज्ञानिक खेतीको बारेमा जानकारी प्रदान गरेका छन्।

**जयसवाल- विदेश मन्त्रालय**

विदेश मन्त्रालयले २०२६ मा अहिलेसम्म अमेरिकाबाट १ हजार ७६ भारतीय नागरिकलाई भारत फर्काएको गरिएको बताएको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले २०२५ मा अमेरिकाबाट ३ हजार ५ सय ६७ भारतीय नागरिकलाई देश फर्काएको बताउनु भयो। उहाँले आप्रवासन र आवागमनका सम्बन्धमा दुई देशबीच छलफल भइरहेको बताउनु भयो। उहाँले यो पनि भन्नु भयो, मुख्य उद्देश्य अवैध आप्रवासन रोक्नु र कानुनी आप्रवासनलाई प्रतिकूल असर नपर्ने कुरा सुनिश्चित गर्नु हो। श्री

जयसवालले देशमा अवैध रूपमा बसोबास गर्ने विदेशीहरूलाई सम्बोधन गर्न कानुनी कारबाही गरिएको बताउनु भयो। उहाँले भन्नु भयो, अवैध बंगलादेशी नागरिकहरूको देश निकालाको लागि द्विपक्षीय व्यवस्था अपनाइएको छ। भारतले यी व्यक्तिहरूको राष्ट्रियता प्रमाणित गर्न बंगलादेशबाट सहयोग खोज्छ, र त्यसपछि मात्र देश निकाला प्रक्रिया अगाडि बढ्छ। उहाँले भन्नु भयो, यी मध्ये धेरै अनुरोधहरू अझै पनि बंगलादेशसँग विचाराधीन छन्। श्री जयसवालले भन्नु भयो, रूस र भारतको बलियो, लामो समयदेखिको रक्षा सम्बन्ध छ। भारत र अमेरिका बीचको व्यापार सम्झौताको बारेमा, श्री जयसवालले अमेरिकी प्रमुख वार्ताकारले यस महिनाको १ देखि ४ तारिखसम्म एक प्रतिनिधिमण्डलसहित भारतको भ्रमण गर्नुभएको बताउनु भयो। उहाँले छलफल सकारात्मक र रचनात्मक भएको पनि बताउनु भयो।

BYTE

**पद्म पुरस्कार**

पद्म पुरस्कार-२०२७ को नामङ्कनका लागि अनलाइन आवेदनहरू आगामी महिनाको ३१ तारिखसम्म राष्ट्रिय पुरस्कार पोर्टलमा बुझाउन सकिनेछ। गृह मन्त्रालयले मार्च १५ देखि पद्म पुरस्कारका लागि आवेदन र सिफारिसहरू बुझाउने प्रक्रिया सुरु भएको बताएको छ। देशको सर्वोच्च नागरिक पुरस्कारको श्रेणीमा पर्ने पद्म पुरस्कारहरूमा पद्म विभूषण, पद्म भूषण र पद्मश्री समावेश छन्। १९५४ मा स्थापित यी पुरस्कारहरू प्रत्येक वर्ष गणतन्त्र दिवसको अवसरमा घोषणा गरिन्छ। यी पुरस्कारहरू कला, साहित्य र शिक्षा, खेलकुद, चिकित्सा, समाज सेवा, विज्ञान र इन्जिनियरिङ, जनसम्पर्क, नागरिक सेवा र व्यापार र उद्योग जस्ता सबै क्षेत्र र विषयहरूमा विशिष्ट र असाधारण उपलब्धिहरू र सेवाको लागि प्रदान गरिन्छ। मन्त्रालयले पद्म पुरस्कारहरूलाई जनताको पद्म बनाउन सरकार प्रतिबद्ध रहेको बताएको छ।

**संयुक्त राष्ट्र शांतिरक्षक पुरस्कार**

भारतीय शान्तिदुत मेजर अभिलाषा बाराकलाई संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले प्रतिष्ठित २०२५ को संयुक्त राष्ट्र सैन्य लैङ्गिक समानता समर्थक पुरस्कार प्रदान गर्नुभएको छ। लेबनानमा संयुक्त राष्ट्र संघको अन्तरिम सेनामा भारतीय बटालियनसँग सेवारत मेजर बाराकलाई अन्तर्राष्ट्रिय संयुक्त राष्ट्र शान्ति सेना दिवसको अवसरमा सम्मान गरिएको थियो। संयुक्त राष्ट्र संघका प्रमुखले महिला संलग्नता टोलीको कमाण्डर र लैङ्गिक समानताको केन्द्रबिन्दुको रूपमा उनको कामको प्रशंसा गर्नुभयो।

**रूस- भारत रक्षा सहयोग**

रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले भारतलाई पाँचौं पुस्ताको स्टिल्थ लडाकु विमान सुखोई एसयू-५७ प्रस्ताव गर्नु भएको छ र भारतमा यसको संयुक्त उत्पादनको प्रस्ताव पनि गर्नुभएको छ। सेन्ट पिटर्सबर्ग अन्तर्राष्ट्रिय आर्थिक मञ्चको क्रममा उहाँले भन्नु भयो, रुसले एसयू-५७ कार्यक्रममा भारतको सहभागितामा रुस इच्छुक छ।